परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION

साप्ताहिक



पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर



❑ वर्ष १० ❑ अंक २३ २०७८ पुस २५ गते आईतवार Sunday 9, JAN 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-


## सरकार शासक भएर होईन, सेवक भएर काम गर्नु पर्छ : मन्त्री कार्की

विराटनगर । प्रदेश नं. १ सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले मन्त्रालयको काम सम्हालेको ६४ दिनमा 'सरकार शासक भएर होईन सेवक भएर काम गर्नु पर्छ' भन्ने विचार व्यक्त गरेको छ ।



मन्त्रालयका सभाहलमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा भने अघिल्लो दुई तिहाईको सरकार र त्यसको नेतृत्व गरेका केपी शर्मा ओलीको तानाशाही शासक बन्ने मानसिकताका कारण फेरि पनि लोकतन्त्र अन्योलको भूमरीमा फस्न पुगेको बताउँदै त्यसलाई सही ठाँउमा ल्याउनका लागि चुनौति रहेको बताएको थियो ।

नेपाली कांग्रेसकै नेतृत्वमा मुलुकको विकास सम्भव रहेको बताउँदै अहिले पनि कांग्रेस सहित गठबन्धन दल त्यही भूमिकामा रहेको जानकारी गराउँदै १४ वटै जिल्ला अन्तरगत प्रहरी चौकीहरुको मर्मत सम्भार गरि पूर्वधारको विकास गर्ने बताएका थिए । अपराधिक घटना नियन्त्रण गर्ने, अपराधीलाई कानुनी कारबाहीको दायरामा ल्याउने र पीडितलाई न्याय दिलाई समाजमा पुन:स्थापित गराउने दायित्व मन्त्रालयले ग्रहण गरेको मन्त्री कार्कीको भनाई थियो ।

ओमिक्रोन भाइरसबाट आम नागरिकलाई बचाउन सरकार चनाखो रहेको बताउँदै भारत तथा तेस्रो देशबाट आउने नागरिकको अनिवार्य स्वास्थ्य परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइने व्यवस्था मिलाएको र संक्रमित पहिचान भएकालाई कोभिड १९ उपचार केन्द्र, होल्डिङ सेन्टर लगायत उपयुक्त तोकिएको ठाउँमा राखेर उपचार गरि रहेको जानकारी गराएका थिए । विपद व्यवस्थापनमा तीनवटै सुरक्षा निकाय, युवा, विद्यार्थीलगायत नागरिक समाजसँग हातेमालो गर्दै तालिम, जनचेतना मूलक कार्यक्रम मन्त्रालयले गर्दै आएको भन्दै प्रदेशको १३७ वटै पालिकामा स्वयम्सेवक समूह गठन गर्ने र यो समूहले विपद् व्यवस्थापन एवं लागूऔषध विरुद्ध अभियान पनि सञ्चालन गरिने छ ।

वांकी अन्तिम पेजमा...

## कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन बारे छालफल

विराटनगर । प्रदेश १ सरकारले कोभिड विरुद्धको प्रतिकार्यलाई प्रभावकारी बनाउन सरोकारवाला पक्षसँग छलफल गरेका छन् ।

बुधवार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नयाँ भेरिअन्टको ओमिक्रोन फैलन सक्ने सम्भावनाका बारे सरोकारवालाहरु संगको छलफलको क्रममा प्रदेश नं.१ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले कोभिडको नयाँ भेरिअन्टका रुपमा देखा परेको ओमिक्रोन विरुद्धको तयारीमा जुट्न सम्बन्धित निकायहरूलाई निर्देशन दिएको थियो ।

उहाँले खतराको घण्टी बज्नुअघि नै सबै प्रकारको तयारी गर्नुपर्नेमा जोड दिदै 'हामी सजग हुनुपर्ने अवस्था आएको छ' मुख्यमन्त्री राईले भन्नुभयो, 'नयाँ भेरिअन्ट देखा परेको अवस्थामा सरकारी संयन्त्रमात्र होइन सबै प्रकारका संयन्त्र परिचालित हुनुपर्छ ।' मुख्यमन्त्री राईले अप्ठ्यारो परिस्थितिमा सबैको सहयोगको अपेक्षा पनि गर्नुभएको छ ।

त्यसैगरी सामाजिक विकास मन्त्री जयराम यादवले कोभिड विरुद्ध मन्त्रालयबाट भए गरेका कामका बारे जानकारी गराउँदै नयाँ भेरिअन्ट फैलन नदिन भीडभाड हुने कार्यक्रम बन्द गर्नुपर्ने अवस्था आउन सक्ने भन्दै त्यसका लागि प्रदेशस्तरीय राजनीतिक दलहरूसँग छलफल अगाडि बढाउनुपर्ने धारणा व्यक्त गरेका थिए ।

विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले कोभिड विरुद्धको अभियानमा महानगरपालिका प्रदेश सरकार सँगै रहने जानकारी दिएका थिए । प्रदेश नं. १ का प्रमुख सचिव डा. रामप्रसाद घिमिरेले कोभिडसँग

वाँकी अन्तिम पेजमा...

## लिखित परीक्षामा नक्कली विद्यार्थी

धनकुटा । धनकुटाको धनकुटा बहुमुखी क्याम्पसबाट ३ जना नक्कली परीक्षार्थी पक्राउ परेका छन ।

धनकुटा बहुमुखी क्याम्पसमा सञ्चालन भएको शसस्त्र प्रहरी बलको सशस्त्र प्रहरी जवान पदको लिखित परीक्षामा परीक्षार्थीहरुको प्रवेश पत्र चेकजाँच गर्ने क्रममा धनकुटा शहिदभुमी गाउँपालिका वडा नं ५ का २८ बर्षीय सौहार्द राई, उदयपुर बेलका नगरपालिका

वांकी अन्तिम पेजमा...

## सात करोडको भ्रष्टाचार मुद्दा

विराटनगर । सुदुर पश्चिम वन निर्देशनालय, धनगढीका निमित्त वन निर्देशक विरुद्ध अख्तियारले करीब ७ करोडको भ्रष्टाचार गरेको आरोप लगाउँदै बुधवार विशेष अदालतमा मुद्दा दायर भएको छ ।

धनगढीका निमित्त वन निर्देशक हेमराज विष्टले ६ करोड ८७ लाख ५७ हजार ८० रुपैयाँ ६० पैसा भ्रष्टाचार गरेको आरोप अख्तियारले लगाएको छ । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रममा अनियमितता गरेको छ ।

संसदको सार्वजनिक लेखा समितिको उपसमितिले वैज्ञानिक वन ब्यवस्थापन कार्यक्रम अन्तर्गत अखितयारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्दै विष्टलाई दोषी किटान गरेको थियो ।

उनले सामुदायिक वन उपभोक्ता समूहका सदस्य र पदाधिकारीको कीर्ते दस्तखत गर्ने, नक्कली वन उपभोक्ता घरधुरी खडा गर्ने र एउटै घरलाई एक भन्दा धेरै वन उपभोक्ता समूहको सदस्य बनाई रुख कटान

वांकी अन्तिम पेजमा...

## तीनै तहको सरकार बीच समन्वय आवश्यक

विराटनगर । भौतिक पूर्वाधार विकास निर्माणमा तीनै तहको सरकार बीच समन्वय हुनु पर्ने आवश्यक रहेको प्रदेश १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले वताउँदै कानूनी उल्झनको बहानामा पूर्वाधार विकासका कामलाई रोक्न नहुने धारणा व्यक्त गरेको छ ।

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयद्वारा शुक्रवार आयोजित 'वन, वातारणसँग पूर्वाधार विकास निर्माणको सम्वन्धी 'अन्तरसम्बन्ध' विषयक अन्तरक्रियामा बोल्दै मुख्यमन्त्री राईले कानूनी अख्तियारप्राप्त अधिकारीहरूलाई कानूनको सीमा उल्लंघन नहुनेगरी विकास निर्माणमा काममा केन्द्रित हुन आग्रह गरेको थियो ।

जुनसुकै सरकार वा निकाय भए पनि तिनले गर्ने विकास यही नेपाल भूगोलभित्र हुने भएकाले सबैले त्यसको एउटा उपभोक्ता आफू पनि हुँ भन्ने ठान्नुपर्ने विचार राख्दै 'जो कोही सरकारले विकास गरोस्, भूगोल त एउटै हो, म पनि त्यसको एक उपभोक्ता हुँ भन्ने ठान्नु पऱ्यो' मुख्यमन्त्री राईको भनाई थियो । उहाँले भौतिक पूर्वाधार विकासका लागि कानूनको आवश्यक संशोधन परिमार्जन वा नयाँ कानून निर्माण गर्न प्रदेश सरकार तयार रहेको जानकारी समेत गराएका थिए ।

विकासका नाममा जथाभावी डोजर र बुल्डोजर चलाउने विषयमा सरकार सचेत रहनुका साथै प्रदेश सरकार योजनावद्ध विकासको पक्षमा रहेको भन्दै पूर्वाधार निर्माण गर्नुअघि गरिने प्रारम्भिक वातावरणीय परीक्षण झारा टार्ने खालको मात्र हुन नहुने भौतिक पूर्वाधार विकास मन्त्री हिमाल कार्कीको धारण थियो ।

सामाजिक विकास राज्यमन्त्री विष्णु तुम्बाहाम्फेले जथाभावी बाटो बनाउनाले पहाडी क्षेत्रमा भूक्षयको समस्या हुने गरेको तर्फ सचेत हुन आग्रह गर्दै प्राकृतिक विनास पहाडी क्षेत्रबाट हुने बसाइँ सराइको कारण हुन थालेकोले विकास प्रकृतिमैत्री हुनुपर्नेमा जोड दिएको थियो ।

त्यसैगरी 'पूर्वाधार विकास निर्माण र वन वातावरणबीचको अन्तरसम्बन्ध' विषयमा कार्यपत्र प्रस्तुत गर्दै यातायात पूर्वाधार निर्देशनालय इटहरीका सिनियर डिभिजन इन्जिनियर रेवतीरमण पराजुलीले समग्र पूर्वाधार निर्माणसँग सम्बन्धित मुख्य समस्याहरू औंल्यएको थियो । उहाँले विकाससँग सम्बन्धित निकायहरू जस्तो: सडक,

वांकी अन्तिम पेजमा...







## सरकारं...

त्यसैगरी प्रदेशका सबै कारागारको व्यवस्थापनमा सुधार ल्याउने र निर्माण भएको कानूनलाई अध्ययन गरी संशोधन गर्नुपर्ने भएमा संशोधन गर्ने, न्यायमा पहुँच नपुगेका नागरिकलाई सहायता गर्न प्रत्येक जिल्लामा सहायता कक्ष स्थापना गर्ने भन्दै सडक दुर्घटना कम गराउन सडक सुरक्षामा सरकार विशेष ध्यान दिने योजना रहेको वताए ।

ट्राफिक सप्ताह होइन, ट्राफिक सदा नारा आवश्यक छ भन्दै उहाँले ट्राफिक व्यवस्थापनमा सुधार गर्ने भन्दै अब भने ट्राफिक सदा भन्ने नारा व्यवहारमा लागू गर्नुपर्ने उहाँको धारणा छ । ट्राफिक प्रहरीसंग कसैको सोर्स नलागोस भन्दै उहाँले ट्राफिक अपराध सबैलाई कानूनी दायरामा ल्याइने जनाएको थियो ।

प्रदेशबाटै राजपत्र छाप्न मेशिन खरिद गर्ने प्रक्रिया अघि बढिसकेको बताउँदै सबैको हातहातमा राजपत्र पुर्याउने मन्त्री कार्कीले प्रतिवद्धता जनाएको थियो । प्रदेश १ का सञ्चार गृहको तथ्यांकीकरण गर्ने, पत्रकारको क्षमता अभिवृद्धि, संस्थागत विकासका साथै सञ्चारगृहहरुको अनुगमन गरी समस्या पहिचान गरिने उहाँका भनाई थियो ।

नोवेल मेडिकल कलेजमा विद्यार्थी र कलेज संचालक बीच देखिको विवादको विषयलाई गम्भीर रुपमा लिएको बताउँदै उहाँले समस्याका समाधान गर्न पहल गर्ने जानकारी गराएको थियो ।

## तीनै...

विद्युत्, टेलिफोन, खानेपानी, सिँचाइ लगायतका निकायबीच उचित समन्वय हुनुपर्नेमा जोड दिदै नापी, मालपोत, वन र स्थानीय प्रशासन सहित सुरक्षा निकायलाई पूर्वाधार विकाससँग सम्बन्धित क्षेत्र ठानेर सोही अनुसारको कार्ययोजनामा जोड्नुपर्ने धारणा राख्दै भौतिक पूर्वाधार विकास निर्माणका क्रममा आउने अवरोध अन्त्यका लागि विकासमैत्री कानूनको आवश्यकता रहेकको वताएका थिए ।

संखुवासभा जिल्लाका डिभिजनल वन अधिकृत डा. इन्द्रप्रसाद सापकोटले पूर्वाधार विकासमा वन क्षेत्रको अवस्थाबारे चित्रण गर्नु हुँदै धेरैजसो भौतिक पूर्वाधार विकासका काम वन क्षेत्र मासेर गर्ने गरेको प्रवृत्ति बढ्दै गएको उल्लेख गर्दै त्यसलाई रोक्नुपर्नेमा जोड दिएको थियो । उहाँले विकास निर्माणका लागि वन क्षेत्र बाधक भएको भनाइ सत्य नभएको जिकिर गर्नुभयो ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव कालीप्रसाद पराजुलीले पूर्वाधार विकास विपद्का दृष्टिले सुरक्षित हुनुपर्ने धारणा राख्दै कतिपय भौतिक पूर्वाधारका काम सम्भावित विपद्लाई नहेरी गर्ने प्रवृत्ति भएकाले विपद् व्यवस्थापन समेतलाई एकीकृत विकासको योजनामा समेट्नुपर्ने धारणा सचिव पराजुलीले व्यक्त गरेको थियो ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव मोहनराज चापागाईंले पूर्वाधार विकासका काममा अन्तर निकायबीच हुने समन्वयको जटिलता बारेको अनुभव सुनाउँदे सडक बनाएपछि खानेपानीको योजना सुरु हुनेजस्ता प्रवृत्तिले जनमानसमा नकारात्मक प्रभाव पारेको उल्लेख गरेका थिए ।

मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल, सुनसरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, प्रदेश लगानी बोर्डका कार्यकारी निर्देशक डा. सरोज कोइराला लगायतले पूर्वाधार विकास निर्माणका क्रममा हुने गरेका आ-आफ्ना क्षेत्रको अनुभव सुनाएका थिए ।

कार्यक्रमको सहजीकरण प्रदेश नं. १ का प्रमुख सचिव डा. रामप्रसाद घिमिरेले र स्वागत तथा कार्यक्रमको उद्देश्यका बारे उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव सञ्जीवकुमार राईले प्रकाश पार्नुभएको थियो ।

## कोरोनाको ...

सम्बन्धित सूचना प्रणाली बलियो बनाउनुपर्ने आवश्यकता औंल्याउदै सही सूचनाले नागरिक आश्वस्त हुने भएकाले चुस्त सूचना प्रणालीमा जोड दिएका थिए ।

छलफल कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव कमलप्रसाद भट्टराई, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव कालिप्रसाद पराजुलीले आ-आफ्ना मन्त्रालयबाट भएका काम र प्रयासका बारे जानकारी गराएका थिए ।

त्यसैगरी सुरक्षा निकायका तर्फबाट १ नम्बर प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुणकुमार बि.सी., शसस्त्र प्रहरी बल नेपाल नं.१ बराह बाहिनी मुख्यालयका प्रमुख सशस्त्र प्रहरी नायव महानिरीक्षक कमल गिरी, राष्ट्रिय अनुसन्धान १ नं. प्रदेश कार्यालयका निर्देशक प्रकाशराज पाण्डे, नेपाली सेना इटहरी बाहिनीका सहायक रथी प्रकाश देउजासहित विश्व स्वास्थ्य संगठनका नेपाल प्रतिनिधि डा. विनोदप्रसाद गुप्ताले छलफलमा भाग लिनुभएको थियो ।

## लिखित...

वडा नं. ७ का २२ बर्षीय योगेन्द्र राई र सोही स्थानका ३२ बर्षीय निशान राई पक्राउ परेका छन् ।

पौष १७ गते सञ्चालित परीक्षामा प्रवेश पत्र चेक जाँच गर्ने क्रममा योगेन्द्र राईको १२४२० दर्ता नम्बर भएको प्रवेश पत्रबाट सौहार्द राई नक्कली परीक्षार्थी बनि परीक्षा हलमा प्रवेश गर्न लाग्दा पक्राउ गरिएको थियो । उक्त परीक्षा हलमा प्रबेशको लागी सहयोग गर्दै गरेको अवस्थामा निशान राई पक्राउ परेका हुन ।

पक्राउ परेका नक्कली परीक्षार्थी सौहार्द राई, आफ्नो परीक्षा अर्कोलाई दिन लगाउने योगेन्द्र राई र सहयोगी निशान राई समेत तीनै जनाको जिल्ला प्रहरी कार्यालय धनकुटाबाट थप अनुसन्धान भईरहेको छ ।

## सात...

गरेको भन्दै उपसिमितिले छानबिन गरी कारबाही गर्न अख्तियारलाई सिफारिस गरेको थियो ।

अख्तियारले विष्टविरुद्ध भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार २ वर्ष कैद र भ्रष्टाचार गरेको जति रकम ६ करोड ८७ लाख ५७ हजार ८० रुपैयाँ ६० पैसा विगो माग गरेको छ ।

विष्टले भ्रष्टाचार गरी गैर कानुनी रुपमा आर्जन गरेको सम्पत्ति पत्नी रुबी जिसी विष्टको नाममा घर जग्गा तथा बैंक खातामा राखेको भेटिएको अख्तियारले जनाएको छ । त्यसैले अख्तियारले रुबी विरुद्ध पनि भ्रष्टाचार मुद्दा चलाएको छ ।

त्यसपछि अख्तियारले छानबिन गर्दा २०५५ वैशाख २७ मा सरकारी सेवा प्रवेश गरेदेखि २०७७ कात्तिक १७ गतेसम्म विष्टको वैध आय १७ करोड ३७ लाख १२ हजार ६२९ रुपैयाँ ३८ पैसा हुनेमा लगानी र खर्च २४ करोड २४ लाख ६९ हजार ७०९ रुपैयाँ ९८ पैसा देखिएको थियो ।

# सहमतीको ९ औं साधारण सभा सम्पन्न




विराटनगर, पुस २४ गते । प्रदेश १ को राजधानी विराटनगर महानगर पालिका वडा नं. ८ प्रगती विनायक टोलमा रहेको सहमती बचत तथा ऋण सहकारी संस्था लिमिटेडले ९ औं वार्षिक साधारण सभा भव्यताका साथ सम्पन्न गरेको छ ।

सोही टोलमा रहेको गणेश मन्दिरको प्रांगणमा भएको सधारण सभाको समुद्घाटन राष्ट्र सेवक बहुमुखी सहकारी संस्थाका अध्यक्ष एवं राष्ट्रिय सहकारी बैंक लिमिटेड विराटनगरको व्यवस्थापन समिति सदस्य जीवन काफ्ले दियो बालेर गरेका थिए ।

सामाजिक तथा सास्कृतिक रुपान्तरणका लागि र सदस्यहरुको आर्थिक उन्नतिको स्थापना भएका सहकारीमा शेयर सदस्यहरु जिम्मेवार भई आर्थिक कारोवारमा निगरानी गरी मासिक बचत निरन्तर गरी आफ्नै सदस्यहरुलाई ऋण प्रवाह गरी सोही ऋणको व्याजवाट उठेको रकममा खर्च कट्टा गरी वांकी रकम पुन: शेयर सदस्यहरुमै वितरण हुने भएकोले सहकारी संचालक समितिको मात्र नभएर हामी सम्पुर्ण सदस्यहरुको संयुक्त संस्था हो भन्ने बुझ्नु पर्ने वताउँदै सहकारीले कोरोना अवधीमा समेत राम्रो आन्दानी गरेकोले सहकारीलाई बधाई तथा शुभकामना व्यक्त गरेका थिए ।

खुल्ला सत्रको समुद्घाटन कार्यक्रमका अतिथी लाभा वचत तथा ऋण सहकारी संस्था लिमिटेड उपाध्यक्ष अन्तिम कुमार आर्चाय, संस्थाका जेष्ठ सदस्य शिव बहादुर निरौला, प्राध्यापक डाक्टर देवी वहादुर थापा, सल्लाहकार दमन विक्रम थापाले सहकारीलाई अझ सुदृढ गर्दै अगाडी वढ्न सुझाव दिएका थिए ।

उक्त सहकारीमा आर्थिक वर्ष २०७७/०७८ मा कुल कारोवार १ करोड ३९ लाख ८७ हजार ८ सय २० रुपिया २६ पैसा, भएका छ भने सम्पति तर्फ १ करोड ३३ लाख ५० हजार ६ सय ७३ रुपियाँ ३६ पैसा पुगेको छ ।

त्यसैगरी आन्दानी तर्फ १६ लाख ९१ हजार २ सय १५ रुपियाँ ९५ पैसा रहेको छ भने खर्च तर्फ १४ लाख ७९ हजार ५ सय १८ रहेको सहकारीको अध्यक्ष राजेन्द्र कुमार थापाले प्रतिवेदन सार्वजनिक गरेको थियो ।

खुल्लासत्र सम्पन्न गरी बन्द सत्रमा कोषध्यक्षको प्रतिवेद, लेखा समितिका प्रतिवेदन वाचन गरी सुनाएपछि सदस्यहरुले प्रतिक्रिया राख्दै शिक्षा खर्चमा जेहेन्दर तथा विपन्न विद्यार्थीहरुलाई प्रोत्साहनको व्यवस्था, सक्रिय सदस्यहरुलाई तालिम तथा भ्रमणको व्यवस्था, स्वास्थ्य खर्चमा स्वास्थ्य शिविरहरु संचालन गर्न सुझाव दिएका थिए ।

उक्त कार्यक्रम सहमती बचत तथा ऋण सहकारी संस्था लिमिटेडको अध्यक्ष राजेन्द्र प्रसाद थापाको अध्यक्षतामा दुवै सत्र सम्पन्न गरेको छ ।

महिलामाथि हुने शारीरिक, मानसिक,यौनिक र मनोवैज्ञानिक हिंसा नै महिला हिंस्सा हो ।
त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् ।
कोही कसैबाट त्यस्तो कार्य भए तत्काल स्थानीय जनप्रतिनिधी, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# नयाँ भेरियन्ट ओमिक्रोनको संत्रास

कोरोना भईरसको कारण आर्थिक रुपमा थालापरेको विश्व जगत आर्थिक अवस्था सुधार गर्न नपाउँदै पुन : कारोना भाइरसको नयाँ भरियन्ट डेल्टा र ओमिक्रोन जस्ता कडा भाइरसहरुको सुनामी आउने विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले घोषणा गरी सकेको अवस्था छ । कोरोना भाइरस जस्तै तिव्र रुपमा विश्वमा फैलि रहेको छ । हाम्रो छिमेकी देशको २२ वटा प्रान्तमा समेत लाखौको संख्यामा फैलि सकेको छ । हाम्रो देशमा पनि केही व्यक्तिमा ओमिक्रोणको भाईरस प्रमाणित भईसको छ। नेपालको लागि सबभन्दा चुनौतिको विषय हो भारतसंग जोडिएको खुल्ला सिमानाका सिमानाकाहरुमा प्रदेश सरकारले केही निश्चित ठाउँहरु एन्टीजेन परिक्षणहरुको व्यवस्था गरेता पनि त्यतीले ओमिक्रोणलाई प्रवेश गर्नवाट रोक्न सकिर्दैन । खुला सिमानाकाहरु वाहेकका सिमानाका कडाई गर्न जरुरी छ । दिनहु भारतवाट नेपाल र नेपालवाट भारत ओहोर दोहोर गर्नेको संख्या लाखौ छ । तीनीहरुलाई समयमै व्यवस्थापन गर्न सकेन भने भुसको आगो जस्तै डेल्टा र ओमिक्रोन मिश्रणवाट हुने क्षतिको आंकलन गर्न गाह्रे हुन्छ ।

छिमेकी देश भारतको २२ प्रान्तमा ओमिक्रोन फैलि सकेको छ भने भारतको ठूलठूला शहरमा भिडभाड नियन्त्रण गर्नुका साथै ओमिक्रोनवाट बच्नको लागि व्यवस्थाहरु मिलाइ सकेका अवस्था छ। नेपाल सरकारले भनै अहिले सम्म सिमानाकामा एन्टिजेन परिक्षणक वाहेक अरु कुनै व्यवस्थ ागर्न सकेको छ । सिमानाकामा स्वास्थ्य परिक्षणमा कडाइ गर्न सकिए मात्र ओमिक्रोन वा कोभिडको नयाँ लहरलाई रोक्न सकिन्छ । नेपाल सरकारले आउने चैतभित्र सबै नागरिकलाई खोप लगाइसक्ने घोषणा गरेको थियो । तर सो अनुरुपको काम गर्न सकेका छैन् । आउँदो तीन महिनामा सबै नागरिकले खोप पाउने सरकारको घोषणा केवल कागजमै सीमित हुने छर्लग भएको छ । मुलुकमा खोप भित्रिए पनि सरकारले पहल नगर्दा भण्डारमै खोप थन्किएका छन् तर आमनेपाली नागरीकलाई खोप लगाउन सकेको छैन । यस्तै रहे आमिक्रोनको लहरले नेपाली जनताको जीवन तहसनहस पार्ने छन् ।

विदशी मुलुकहरुमा स्वास्थ्य सरक्षाका मापदण्ड पालना गर्नुका साथै भीडभाड हुने ठाउँहरु वन्द गरी आ-आफ्ना नागरिकहरुलाई बुस्टर जोज लगाउन थालेका छन् । नेपाल जस्ता विकान्सोमुख र गरिब देशका जनता खोपको अभावमा आफ्नो प्राण त्याग्न वाध्य हुने छ । त्यसैले कम्तीमा भण्डार गरी राखिएको खोप नेपाल सरकारले सर्वसधारणलाई तत्काल लगाउनु पर्छ । अन्यथा फेरी पनि राजनीति दलका नेताहरुले जनता भन्दा पनि आफन्तलाई खोप लगाउन व्यस्त हुने छ । नेपाली जनता खोप विना छटपटी रहने छ । त्यसैले जे जति खोप आएको छ, अविलम्ब आफ्ना जनतालाई खोप लगाउन तीनै तहको सरकारले सुरु गर्नु पर्छ । अन्यथा खोप विना ओमिक्रोन लगायत कोभिडका नयाँ स्वरूपसँगको लडाइँ जित्न सहज नहुने चिकित्सकहरुले वताउँछ । मुलुकमा ओमिक्रोन भित्रिन/फैलिन नदिन स्वास्थ्य सतर्कता अपनाउनु नै सबैभन्दा बुद्धिमानी हुनेछ । खुला सिमानाकामा कडाईका साथ स्वास्थ्य मापदण्डको पालना गर्न/गराउन र भिडभाड हुने ठाउँहरुलाई वन्द गर्नु पर्छ । कहि कदाचित ओमिक्रनको प्रभाव देखिएमा त्यसवाट बच्छ क्वारेन्टिनको व्यवस्था, स्वास्थय कर्मीहरुको व्यवस्था, औषधीको व्यवस्था र अक्सिज लगायतको व्यवस्थामा जुट्न अवश्यक रहेको छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ । पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# प्रतिवेदनमा पोखिएका प्रचण्डका कमजोरी

मोहन तिम्सिना

आफ्नो पार्टीले चुनावमा बहुमत पाइसक्दा पनि 'विद्रोहको कार्यदिशा' पारित गरे । एउटा जिम्मेवार नेतामा यस्तो दोधारेपन देखापर्नु पनि गल्ती नै हो । फेरि यस्तो समस्याको बीउरोप्ने पात्र उनै हुन् । उनैले 'सशस्त्र संघर्षको नीति नमान्ने जति संशोधनवादी हुन्छन्' भनी स्कूलिङ गरेका थिए । जेरोपियो, त्यही फल्यो ।

माओवादी केन्द्रको आठौं महाधिवेशन भर्खरै सकिएको छ । अध्यक्ष प्रचण्डका लागि यो महाधिवेशन आवश्यकता भन्दा बढी बाध्यता थियो । पहिलो बाध्यता यो थियो कि, आसन्न स्थानीय चुनावमा सहभागिताका लागि निर्वाचन आयोगसँग सम्बन्धित यो औपचारिकता पूरा गर्नै पर्थ्यो । दोस्रो, सहकर्मी दलहरूले भटाभट आ-आफ्ना महाधिवेशन सम्पन्न गरिसकेका थिए । सहकर्मीहरूसँग मिल्दोजुल्दो बन्न पनि महाधिवेशन गर्नै पर्थ्यो ।

यस्तै बाध्यतामा परेर माओवादीलेराष्ट्रिय सम्मेलन बोलायो । तर सम्मेलनको पूर्वसन्ध्यामा अर्को बाध्यता आइलाग्यो- सम्मेलनलाई महाधिवेशन मा बदल्नुपर्ने भयो । यसका मूलतः दुई वटा कारण थिए । पहिलो, मुख्य सहकर्मी दलहरू सबैले महाधिवेशन नै सम्पन्न गरिसकेका थिए । माओवादीले चाहिं सम्मेलन मात्रै गर्दा ऊ एककदम पछि परेको जस्तो देखिन्थ्यो ।

दोस्रो, सम्मेलन वा महाधिवेशन जे भने पनि प्रचण्डसँग आफ्ना अनुयायीलाई सुनाउने कुरा एउटै थियो । त्यो कुनै नयाँर गतिलो कुरा थिएन । बरु विगतमा आफैंले नानाथरी तर्क गरेर गाली गरेको 'शान्तिपूर्ण संक्रमण' को 'लज्जास्पद' कुरा थियो । त्यही 'लज्जास्पद' कुरा सुनाएर अनुयायीको केरकारमा दुई-दुई पल्ट पर्ने झन्झट व्यहोर्न प्रचण्डलाई उचित लागेन । त्यसैले अचानक सम्मेलनलाई महाधिवेशनमा फेरिदिए ।

एउटा कम्युनिष्ट नेताले 'गोञ्जालो' बन्न इन्कार गरेपछिर शक्तिको लालसा पनि कायमराखेपछि जे गर्छ, विगत डेढ दशक यता प्रचण्डले त्यही गरिरहेका छन् । उनीसँग त्यस्तो नयाँ विचार त केही छैन । तैपनि विचारको विकास गरिन्छ भन्नुपर्ने बाध्यता छ । विगतमा गरेका दाबी कायम छन् भन्ने देखाउनै परेको छ । पार्टीको औपचारिकता पनि पूरा गर्नुपरेको छ ।

मोहन तिम्सिना

तब महाधिवेशनको नाममा एउटा कर्मकाण्ड आयोजना गरियो । पुरानै कुरालाई तानतुन पारेर तयार पारिएकोराजनीतिक प्रतिवेदन पढेर सुनाइयो । तैपनि खास कुरा ढाँट्नै मिलेन । अर्थात्, 'शान्तिपूर्ण प्रतिस्पर्धाका माध्यमबाट समाजवादमा संक्रमण गर्न सकिन्छ' भन्ने पुरानै ख्रुश्चोभी मन्त्र दोहोऱ्याउनै पर्ने भयो । तब त्यही कुरा नयाँ शब्दजाल भरेर सुनाइयो ।

प्रत्युत्तरमा केही पात्रहरूले यसको विरोध गर्ने प्रयास गरे । तर उनीहरूलाई गोञ्जालोर ख्रुश्चोभ लाइनको विकल्प के हो भन्ने नै थाहा थिएन । त्यसैले उनीहरूको विरोधले खासै महत्व पाएन । अन्तिममा प्रचण्डको प्रतिवेदन बहुमतले पारित भयो । उनैलाई पुनः अध्यक्षमा चयन गरिँदैछ । यसरी प्रचण्डको विकल्प छैन भन्ने मूल सन्देश सहित माओवादी महाधिवेशन सम्पन्न भयो ।

महाधिवेशन त जसोतसो सकियो तर यसले माओवादी पार्टीभित्रको संकट समाधान भएन । 'विचारको विकास' पनि भएन । 'घुमिफिरी रुम्जाटार' भने जस्तो प्रचण्ड पनि अन्ततः कम्युनिष्टहरूको पुरानै विवादमा फसे । आगामी चुनाव पछि यो विवाद समाधान गरिनेछ भनेर प्रचण्डले आश्वासन त दिएका छन् तर अहिले नै किटेर भन्न सकिन्छ, उनको अहिलेको सोचर तरिकाबाट यो विवाद समाधान हुनेवाला छैन । 'विचारको विकास' पनि हुनेवाला छैन ।

त्यसो भए के गर्दा विवाद समाधान हुन्छ ? के गर्दा विचारको विकास हुन्छ ? यस सम्बन्धमा यहाँ माओवादी मित्रहरूलाई केही जानकारी तथा सुझाव दिने प्रयास गरिएको छ ।

कटु सत्य

अध्यक्ष प्रचण्ड जरुर प्रतिभाशाली नेता हुन् । समकालीन नेताहरूमा प्रचण्डको तुलनायोग्य अरू छैनन् । मुलुकको आजको परिवर्तनको धेरैजसो श्रेय उनमै जान्छ । यो सत्य कुरा हो । तर तिनै प्रचण्ड यतिबेला भित्रैदेखि खोक्रो भइसकेको कुरा पनि उत्तिकै सत्य हो । किन त्यत्रो क्रान्ति हाँक्ने पात्र अन्तिममा आएर खोक्रो हुन पुगे ?

यो आधारभूत प्रश्न हो । माओवादी मित्रहरूले यो प्रश्नमा खास ध्यान दिनुराम्रो हुनेछ । प्रचण्डको खोक्रोपन उनको उमेरगत कमजोरी मात्र होइन । यसका पछाडि अरू नै कारणले काम गरेको छ । सामाजिक क्रान्तिमा प्रतिभार चलाखी मात्र पर्याप्त हुँदैन । यो विज्ञानमा आधारित हुन जरूरी हुन्छ । आजको यथार्थ के हो भने प्रचण्ड 'विज्ञानको क्रान्ति' सँग परिचित छैनन् । खालि चलाखीबाटै काम चलाउन खोज्छन् । यही कारण उनी खोक्रो हुँदै गएका हुन् ।

एकदमै ध्यान दिनुपर्ने तथ्य यो हो कि अबको दुनियाँमा 'विचारको विकास' सम्भव छैन । 'विचारमा क्रान्ति' मात्र सम्भव छ । यसको खास कारण छ । यदि विज्ञानमा 'निरन्तर विकास' भइरहेको हुन्थ्यो भने, विचारमा पनि 'निरन्तर विकास' सम्भव हुन्थ्यो । बीसौं शताब्दीयता विज्ञानमा 'निरन्तर विकास' बन्द छ । यसको सट्टा 'विज्ञानमा क्रान्ति' (पाराडाइम सिफ्ट) भएको छ । जब विज्ञानमै क्रान्ति हुन्छ, तब विचारमा पनि क्रान्ति नै हुन्छ ।

मित्रहरूलाई यस्ता कुरा बुझ्नर स्वीकार गर्न गाह्रो भइरहेको होला । स्वाभाविक हो, यस्ता कुरा बुझ्नर स्वीकार गर्न त तयारी चाहिन्छ । मित्रहरूले विज्ञानको पद्धतिगत संकट भनेको के हो ? विज्ञानमा क्रान्ति भनेको के हो ? शास्त्रीय विज्ञानर आधुनिक विज्ञान बीचको भेद के हो ? निरन्तर विकासर पाराडाइम सिफ्ट बीचको भेद के हो ? खोजी गर्नुपऱ्यो । तब मात्र यस्ता कुरा बोधगम्यर स्वीकार्य हुन सक्ला ।

संक्षिप्तमा यहाँ यत्ति भनौं- विज्ञानको पद्धतिगत संकट भन्नाले मूलतः दुई कुरा हो । पहिलो, विज्ञानको चलिआएको अवधारणागत ढाँचा खण्डित हुनुर दोस्रो, उक्त अवधारणागत ढाँचा भित्रबाट नयाँ-नयाँ सिद्धान्तको विकास हुन छोड्नु । उन्नाइसौं शताब्दीको अन्त्यसम्म आउँदा विज्ञान जगतमा यस्तै भयो ।

विज्ञानमा क्रान्ति भन्नाले न्यूटनीय युगका विज्ञानका आधारभूत प्रस्थापनाहरूलाई नयाँ विज्ञानले खण्डित गर्नु हो । विज्ञान नै शास्त्रीयर आधुनिक गरी दुई खण्डमा विभाजित हुनु हो । आधुनिक विज्ञानले शास्त्रीय विज्ञानले भने विपरीतका तथ्य बाहिर ल्याउनु हो । यसैलाई विज्ञानमा 'पाराडाइम सिफ्ट' वा विज्ञानमा क्रान्ति भनियो । बीसौं शताब्दी यताको विज्ञानले यस्तै गरिरहेको छ ।

यदि प्रचण्ड यो तथ्यबारे जानकार हुन्थे भने उनकोराजनीतिक प्रतिवेदनमा त्यो अभिव्यक्त हुन्थ्यो । उनले 'विचारमा विकास' भन्ने पदावली नै प्रयोग गर्ने थिएनन् । प्रचण्ड यो तथ्यबाट बेखबर भए । त्यसैले उनको पदावली प्रयोग नै गलत भयो ।राजनीतिक प्रतिवेदन पनि कमजोर हुन गयो ।

यहाँ ध्यान दिनुपर्ने अर्को महत्वपूर्ण तथ्य के छ भने विज्ञानको क्रान्तिले प्राविधिक परिवर्तन मात्र गरेको होइन, दर्शनमा नै क्रान्ति (पाराडाइम सिफ्ट) ल्याएको छ । अध्यक्ष प्रचण्ड यो विषयमा पनि पूरै बेखबर छन् । यही कारण उनको प्रतिवेदनमा प्रविधि परिवर्तनको मात्र चर्चा भयो । चिन्तन प्रणाली परिवर्तनको विषय छुट्यो ।

प्रचण्डर माओवादी मित्रहरूले यो आलेख मार्फत अर्को एउटा कटु सत्य पनि सुनून् - अब मार्क्सवादको विकास हुन सक्दैन । मार्क्सवाद जुन विज्ञानको जगमा उभिएको थियो, त्यो जगलाई स्वयं विज्ञानले नै भत्काइसक्यो । विज्ञानको क्रान्तिले मार्क्सवादका आधारभूत प्रस्थापनाको खण्डन गरिसक्यो । शास्त्रीय विज्ञान खण्डित भएसँगै मार्क्सवाद पनि पूर्णतया खण्डित भइसक्यो । अब जस्तोसुकै प्रतिभाशाली व्यक्ति आए पनि त्यसले मार्क्सवादको विकास गरेर देखाउन सक्दैन ।

मित्रहरू, माथिका पंक्ति पढेर यो पंक्तिकारलाई 'बुर्जुवा बुद्धिजीवी' भनिहाल्ने हतारो नगर्नुहोला । तपाईंहरूलाई केहीराहत दिने कुरा पनि छ । पंक्तिकारले मार्क्सवादको मात्र खण्डन गरिरहेको छैन भौतिकवादी दर्शनभित्रका सबैखाले विचारधारा (उदारवाद, समाजवाद,राष्ट्रवादर कल्याणवाद) को पनि खण्डन गरिरहेको छ ।

विज्ञानको क्रान्तिले मार्क्सवाद मात्र होइन, सिंगो भौतिकवादी दर्शनलाई नै खण्डित गरिसकेको छ । परिणामतः भौतिकवादी पद्धति भित्रबाट खडा भएका सबैखाले विचारधारा खण्डित भइसकेका छन् । त्यसैले अब मार्क्सवादर अन्य शास्त्रीय विचारधाराको विकास सम्भव छैन ।

अध्यक्ष प्रचण्ड यस्ता तथ्यबारे जानकार थिए भने उनको वैचारिकीले पनि क्रान्ति गर्थ्यो होला । उनले यो कुरामा ध्यान दिन सकेनन् । त्यसैले उनीबाट 'विचारमा क्रान्ति' सम्भव भएन ।

तर यो दायित्व प्रचण्डको मात्र त होइन, पार्टीका अन्य सदस्यहरूको पनि हो । यत्रो पार्टीका हजारौं महाधिवेशन प्रतिनिधिको पनि हो । अचम्मको कुरा, महाधिवेशनमा यस्ता कुरा उठाउने पात्र कोही देखा परेनन् ।

अधिकांश मित्र प्रचण्डलाई कि त दंग्याएर कि त चाप्लुसी गरेर पदभोग गर्ने दाउमा नै तल्लीन हुनुभयो । अध्ययनशीलर गतिशील हुन सक्नुभएन । त्यसैले आज सिंगो पार्टी खोक्रो बन्ने अवस्था पैदा भयो ।

प्रचण्डसँग मत बझाउन खोज्ने वा प्रचण्डलाई संशोधनवादी भएको आरोप लगाएर छोडेर हिंड्नेहरूको हालत पनि यस्तै हो । उहाँहरू पनि त्यही 'मार्क्सवादको विकास' वा 'विचारको विकास' को अर्थहीन वाक्यांश दोहोऱ्याईरहनुभएको छ । त्यसैले, कमजोरी प्रचण्डको मात्र होइन, यो मामिलामा सबैखाले माओवादी मित्रहरू 'एउटै ड्याङको मुला' सावित हुनुभएको छ ।

भ्रमपूर्ण अभिव्यक्ति

अध्यक्ष प्रचण्डले आफ्नो प्रतिवेदनमा आइन्स्टाइनको सापेक्षतावादर क्वान्टम भौतिकीका नियमहरूले भौतिकवाद नै सही छ भनेर पुष्टि गरेको भनेर शतप्रतिशत गलत कुरा गरेका छन् । महाधिवेशनमा यस्ता कुराको खण्डन गर्ने वा सच्याइदिने पात्र पनि कोही देखिएन ।

सापेक्षतावादको सिद्धान्तले नै हो इतिहासमा पहिलो पटक भौतिकवादी दर्शनलाई खण्डित गरेको । न्यूटनीय विज्ञानको मान्यता यो थियो कि संसार सर्वकालिक हो । यसको आदिर अन्त्य छैन । 'स्थान' (ब्रह्माण्ड)र 'समय' अलग चिज हुन् । न्यूटनीय विज्ञानका यिनै निष्कर्ष माथि भौतिकवादी दर्शन खडा भएको थियो ।

सापेक्षतावादको सिद्धान्त (विशेषर सामान्य) मार्फत आइन्स्टाइनले संकेत गरे, 'स्थान'र 'समय' एकआपसमा अविभाज्यर अन्तरसम्बन्धित छन् । हाम्रो ब्रह्माण्ड सदाकाल अस्तित्वमारहँदैन । यसको पनि शुरुआतर अन्त्य हुन्छ ।

आइन्स्टाइनको यो निष्कर्षलाई लगत्तै आएका 'ब्ल्याकहोल सिद्धान्त', 'फैलिरहेको ब्रह्माण्ड', 'महाविस्फोट सिद्धान्त' जस्ता सिद्धान्तले थप पुष्टि गरिदिए । तबदेखि संसार क्षणिक हो, यो महाविस्फोटबाट शुरू हुन्छर ब्ल्याकहोल शून्यतामा पुगेर नष्ट हुन्छ भन्ने मान्यता स्थापित भयो । यसरी भौतिकवादी मान्यतालाई खण्डित गर्ने कामको शुरुआत आइन्स्टाइनको सापेक्षतावादबाटै भएको हो । त्यसैले सापेक्षतावादको सिद्धान्तलाई भौतिकशास्त्रमा पहिलो क्रान्ति मानिन्छ ।

यसपछि आउँछ क्वान्टम भौतिकीको कुरा, जसले भौतिक शास्त्रमा दोस्रोर तेस्रो क्रान्ति ल्यायो । यी क्रान्तिले पनि भौतिकवादी दर्शनको खण्डन गरे । क्वान्टम क्रान्तिबाट भौतिकवादका चार वटा प्रस्थापना खण्डित भए । पहिलो, हरेक वस्तु यथार्थ हुन्, त्यसको भौतिक अस्तित्व हुनुपर्दछ भन्ने मान्यताको खण्डन भयो । भौतिकशास्त्रमा अभौतिक 'शून्य' को अवधारणाले प्रवेश पायो । संसारको मूल 'शून्य' हो, पदार्थ त शून्यको 'छायाँ' मात्र हो भन्ने मान्यता स्थापित भयो ।

दोस्रो, संसार आधारभूत कण (परमाणु) को विस्तारबाट बनेको हो भन्ने मान्यता खण्डित भयो । यसको ठाउँमा कुनै पनि कण मूल होइनन्, सारा संसार तरङ्ग पुञ्ज हो भन्ने स्थापित भयो । तेस्रो, 'वैज्ञानिक निर्धारणवाद' का सिद्धान्तको खण्डन भयो । उपपरमाणु तहमा हुने उत्पादन-व्यय कुनै 'स्थानीय परिघटना' होइन, यस्ता परिघटनालाई 'कार्य'र 'कारण' मा खण्डित गर्नर न्यूटनीय गणितद्वारा मापन गर्न सकिन्न भनियो । यसको सट्टा 'कार्य'र 'कारण' संयुक्त हुन्छन्, यिनीहरूको गतिको केवल बहुसम्भावनाको अनुमान गर्न सकिन्छ, मापन गर्न सकिन्न भन्ने मान्यता स्थापित भयो ।

चौथो, 'द्रष्टा'र 'दृश्य' अलग छन्, ज्ञान भनेको 'दृश्य' को 'द्रष्टा' मा परेको प्रतिबिम्व हो भन्ने सिद्धान्तको खण्डन भयो । यसको ठाउँमा 'द्रष्टा'र 'दृश्य' संयुक्त छन्, 'दृश्य' यथार्थ होइन, हाम्रा इन्द्रियहरूको प्रक्षेपण मात्र हो भन्ने मान्यता स्थापित भयो ।

यदि मार्क्स जिउँदै हुन्थेर यही प्रश्न मार्क्सका अगाडि आउँथ्यो भने निसन्देह मार्क्सले भन्थे होला कि म मार्क्सवाद छोड्छु, विज्ञानरोज्छु । किनकि मार्क्स कुनै परम्परावादी थिएनन् । उनले आफ्नो समयको विज्ञानलाई पक्रिंदा जे गर्न सकिन्छ त्यो गरेका थिए ।

यी सबै उपलब्धिमा असंख्य वैज्ञानिकको योगदानरह्यो । यद्यपि भौतिकशास्त्रको दोस्रो क्रान्तिका लागि बर्नर हाइजेनवर्गर निल्स बोहरलाई श्रेय दिइएको छ । तेस्रो क्रान्तिको लागि

वांकी ३ पेजमा...

## धनुषामा गोली चल्दा पाँच घाइते

विराटनगर । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत धनुषाको पोर्ताहामा किसानहरुको माग पूरा गराउन आन्दोलन गरिरहेका जनमत पार्टीका कार्यकर्तामाथि प्रहरीले गोली चलाएको थियो ।

प्रहरीको गोली लागेर जनमत पार्टीका पाँचजना कार्यकर्ता घाइते भएका छन् । घाईते हुनेहरूमा नथुनी यादव, विजय यादव, रामदयाल मुखिया, बैजनाथ साह र संजय साहलाई गोली लागेको हो । बैजनाथ र नथुनीको टाउकोमा तथा अन्यको खुट्टामा गोली लागेको स्रोतले जनाएको थियो ।

गोली लागेर गम्भीर घाईते उनीहरुलाई वीरेन्द्रबजार लगिएको छ । टाउँकोमा गोली लागेका २ जनाको अवस्था चिन्ताजनक छ ।

शान्तिपूर्ण आन्दोलन कारी माथि गोली प्रहार गरेकोमा मधेसी पत्रकार समाज नेपाल, नेपाल पिछडा वर्ग (यदअ) विद्यार्थी संघ र मानव अधाकार रक्षक समाज नेपाल आपत्ति प्रकट गरेका छन् । शान्तिपूर्ण आन्दोलनमा दमन नगर्न आग्रह गरेको थियो ।

## विद्यार्थईको आन्दोलनमा एक्यवद्धता

विराटनगर । माओवादी केन्द्र निकट विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)ले नोबेल मेडिकल कलेजका विद्यार्थीले गरेको आन्दोलनप्रति ऐक्यबद्धता जनाएको छ ।

अखिल क्रान्तिकारी मोरङका अध्यक्ष नगेन्द्र घिमिरेले आज एक विज्ञप्ति जारी गर्दै नोबेल मेडिकल कलेजले लिइरहेको अतिरिक्त शुल्क असुली र ज्यादती प्रति घोर आपत्ती पनि जनाएको हो ।

'हाम्रो संगठन नोबेल कलेजमा अध्यनरत विद्यार्थीहरुले गरेको आन्दोलनप्रति एक्यवद्धता जनाउँदै हामी यो आन्दोलनको साथमा रहेको जानकारी गराउँदछौं,' घिमिरेले भनेका छन्, 'नोबेल मेडिकल कलेजले छिटोभन्दा छिटो विद्यार्थीको माग पूरा गरोस्, यदि त्यसो नभए अखिल क्रान्तिकारी मोरङ जिल्लाले अर्को कदम चाल्ने जानकारी गराउँदछौं ।'

घिमिरेले जारी गरेको विज्ञप्तिमा चिकित्सा शिक्षाका विद्यार्थीहरुले जायज मागहरु गर्दै विश्वविद्यालयले तोकेको शुल्क लिई चाँडोभन्दा चाँडो सहज वातावरणमा भर्ना र पठनपाठन गराउन माग गरिएको छ ।

## लागुऔषध सहित तीन पक्राउ

विराटनगर । लागुऔषध सहित सुनसरी र झापा जिल्लाबाट तीन जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

घटनाको विवरणा अनुसार सुनसरीको इटहरी उप-महानगरपालिका वडा नं. २० स्थितबाट लागुऔषध गाँजा सहित २ जनालाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा धनकुटा सहिदभुमी गाउँपालिका वडा नं. १ का २४ बर्षीय बिक्रम राई र सोही स्थानका ३३ बर्षीय संजिव राई रहेका छन ।

सोमवार राती प्रहरी चौकी तरहराबाट तरहरा चोक स्थित कोशी लोकमार्गमा खटिएको प्रहरी चेकिङ टोलीलाई देखि प्रदेश १-०२-०४२ प ६२१९ नम्वरको मोटरसाईकलमा सवार रहेका दुई जनाले झोला फाली गएकोमा संका लागि दुबैजनालाई मोटरसाईकल सहित प्रहरीले नियन्त्रणमा लिएको थियो । उक्त झोलाबाट ७२ किलो ग्राम गाँजा बरामद भएको थियो ।

गाँजा सहित पक्राउ परेका बिक्रम राई र संजिव राईको इलाका प्रहरी कार्यालय इटहरीबाट थप अनुसन्धान भईरहेको छ ।

त्यसैगरी झापाको मेचीनगर नगरपालिका वडा नं. ६ स्थित बसपार्कबाट लागुऔध खैरो हिरोईन सहित १ जना पक्राउ परेको छ । पक्राउ पर्नेमा मोरङ रतुवामाई नगरपालिका वडा नं. ५ का २६ बर्षीय लावनहाङ राई रहेको छ ।

गत आइवार जिल्ला प्रहरी कार्यालय झापा, इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले काँकरभिट्टा बसपार्कमा संकास्पद अवस्थामा हिडिरहेका राईलाई चेकजाँच गर्दा निजले शरिरमा लुकाई छिपाई राखेको ४४ ग्राम खैरो हिरोईन जस्तो देखिने लिसाईलो पदार्थ बरामद गरिएको थियो ।

नियन्त्रित लागुऔषध सहित पक्राउ परेका राईको इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट थप अनुसन्धान भईरहेको छ साथै निजलाई सम्मानित झापा जिल्ला अदालतबाट म्याद थप गरी कानुनी प्रकृया अगाडि बढाईने जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १


## यातायात सेवालाई प्रभावकारी बनाउन निर्देशन



विराटनगर । प्रदेश नम्बर १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले आज प्रदेशअन्तर्गतका निकायबाट प्रवाह हुने यातायात सेवालाई प्रभावकारी बनाउने सम्बन्धमा सम्बन्धित कार्यालय प्रमुखहरूलाई महत्वपूर्ण निर्देशन दिनुभएको छ ।

मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयमा आज आयोजित 'प्रदेशअन्तर्गतका निकायबाट प्रवाह हुने यातायात सेवालाई प्रभावकारी बनाउने सम्बन्धी' कार्यक्रममा मुख्यमन्त्री राईले गुणस्तरीय सेवा प्रवाहमा कुनै कसर बाँकी नराख्न निर्देशन गर्नुभयो । १ नम्बर प्रदेशअन्तर्गत यातायात सेवा प्रवाह गर्ने कार्यालय आठ वटा छन् । प्रदेश सरकारको यातायात व्यवस्था निर्देशनालय अन्तर्गत आठ वटा कार्यालयमा करारसमेत गरी १७१ कर्मचारी कार्यरत छन् । सो अवसरमा आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले दुर्घटना न्यूनीकरणका उपाय अवलम्बन गर्ने कार्यविधि तथा निर्देशिका बनाउनुपर्नेमा जोड दिनुभयो ।

उक्त कार्यक्रममा यातायात व्यवस्था विभागका महानिर्देशक नमराज घिमिरेले 'यातायात व्यवस्थामा अन्तर सरकारी समन्वय' विषयमा र प्रदेश नं. १ यातायात व्यवस्था निर्देशनालयका निर्देशक भीम गौतमले निर्देशनालय मातहतका कार्यालयबाट प्रवाह गर्ने सेवाका विषयमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा प्रदेश १ का प्रमुख सचिव डा. रामप्रसाद घिमिरे, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव कालीप्रसाद पराजुली, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सुमन दाहाल, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव मोहन चापागाईलगायतको उपस्थिति थियो ।

## किन विग्रन्छ बालबालिकाको दाँत, कसरी जोगाउने ?

पुष्पा थपलिया

कलंकी बस्ने टामिरा जोशीको दाँत राम्रोसँग उम्रियो तर त्यो धेरै समय टिक्न नपाई कालो हुन थाल्यो । सुरूआती चरणमा थोरै देखिएको दाँतको कालो दिन दुईगुणा, रात चौगुणाका दरले बढ्न थाल्यो । उनका अभिभावक ले अगाडिको दाँत पूरै कालो भएपछि गुलियो खानेकुरा खुवाउन बन्द गराए । विस्तारै उनको दाँतले चपाउन बन्द गऱ्यो, दुख्न पनि थाल्यो। समस्या निकै बढेपछि मात्रै उनलाई उपचारका लागि लगियो ।

अहिले उनको माथिल्लो दाँत सबै झरेको छ, नयाँ पलाउने क्रम जारी छ। केही ठाउँमा नयाँ दाँत उम्रने ठाउँमा मासु पलाएपछि दन्त चिकित्सकले उपचार गरिरहेका छन् ।

टामिराको भाइ टिष्टानको दाँत पनि विस्तारै दिदीको जस्तै बन्दै गइरहेको छ। उनको परिवारले यसलाई वंशाणुगत समस्या पो हो कि भन्ने शंका गरेका छन् । निषेधाज्ञाका कारण चिकित्सकलाई देखाउन नपाएको ती अभिभावकको भनाइ छ ।

कालिमाटीका सात वर्षीय कृपेश श्रेष्ठको पनि दाँत बिग्रिएको छ । उनको परिवार दूधे दाँत बिग्रिएर केही नहुने भन्दै ढुक्कसँग बसेको छ । आमा कमला श्रेष्ठले भनिन्, 'पहिलो दाँत बिग्रिए पनि दोस्रो दाँत आउला, राम्रो आइहाल्छ भनेर उपचार गराएका छैनौं ।'

कृपेशकी आमा कमलाले भनेजस्तो नयाँ दाँत आउँदा समस्या हल नहुने, झनै बल्झने बताउँछिन् दन्त चिकित्सक सूर्या थापा । 'बालबालिकाले कस्तो खाना खाइरहेका छन्, उनीहरूको स्वास्थ्य अवस्था कस्तो छ भनेर बुझ्न उनीहरूको दाँत हेरे पुग्छ,' मोडल समेत रहेकी थापाले भनिन् ।

उनका अनुसार, नराम्रा खाना बालबालिकाले खाएका छन् भने उनीहरूको दाँतमा किरा लाग्न सुरू गरिहाल्छ। खराब दाँतकै कारण बालबालिकामा पेटको समस्यादेखि अन्य विभिन्न समस्या देखिन सुरू गर्छ ।



उनले भनिन्, 'मानिसको मुख सफा र स्वस्थ नहुँदा नै विभिन्न रोगको सुरूआत हुन्छ । स्वस्थ खाना खाएको छ तर किरा लागेको दाँतले उक्त खाना चपाएको छ भने त्यो रोगरहित छ भन्न सकिँदैन ।'

अन्य रोगका चिकित्सककहाँ पुग्दा आधा रोग निको भएको अनुभूति गर्ने बिरामी दाँतको डाक्टरसँग भने डराउँछन् । किनभने, दाँतको समस्या निकै पीडादायी रोग हो। यसलाई अन्य रोगको तुलनामा महँगो रोगका रूपमा पनि लिइन्छ ।

'ठूला मानिस नै दाँतको समस्या खप्न नसकेपछि डेन्टिष्टकहाँ पुग्छन् भने बालबालिकाको त कुरै छाडौं,' थापाले भनिन्, 'अहिलेसम्म मेरो बच्चाको दाँत हल्का कालो भयो भनेर मकहाँ कुनै अभिभावक आएका छैनन् ।' समस्या अन्तिम अवस्थामा पुगेपछि मात्रै आफूकहाँ उपचारका लागि आउने गरेको उनको भनाइ छ ।

किन बिग्रिन्छ बाल बालिका को दाँत ?

दन्त चिकित्सक थापा बालबालिकाको दाँत बिग्रिनुको मुख्य कारण जंक फुड र गुलिया खानेकुरा भएको बताउँछिन् । 'हिजोआज जंक फुड र गुलिया खानेकुरा बाल बालिकालाई अधिक मात्रामा खुवाइन्छ, दाँत बिग्रनुको मुख्य कारण यही हो,' उनले भनिन् ।

थापाका अनुसार जंक फुड या गुलिया चकलेट लामो समयसम्म दाँतमा अड्कन्छ । यसले तुरुन्तै दाँतमा अड्केका जंक फुडका टुक्रालाई एसिडमा परिणत गर्छ र दाँत गलाउन सुरू गर्छ ।

सूर्या थापा, दन्त चिकित्सक

दूधे बालबालिकाको दाँतसमेत खराब भइरहेकोबारे उनले भनिन्, 'कतिपय बच्चालाई बोतलमा राखिएको दूध चुसाएर या आमाले स्तनपान गराएरै सुताउने चलन छ, यो बच्चाको दाँतका लागि हानिकारक छ । यसलाई मेडिकल भाषामा 'अर्ली चाइल्डहुड क्यारिज वा नर्सिङ बोतल क्यारिज' भनिन्छ ।'

थापाका अनुसार पहिलो चरणमा आएका दाँत बिग्रिए पनि अभिभावकले अर्को दाँत राम्रो आउने आशामा उपचार गराउँदैनन् । बालबालिकाको दाँत खराब हुनुमा यसले पनि भूमिका खेल्छ ।

बालबालिकाको दाँत पहिलो चरणमा खराब बनेको छ भने नयाँ दाँत पलाउने समय नहुँदै झर्न थाल्छ। दन्त चिकित्सक थापाले भनिन्, 'यसरी नयाँ आउनेभन्दा पहिले नै झर्दा पछि आउने दाँतले बाटो पहिल्याउन सक्दैन। जसले गर्दा नयाँ दाँत आउँदा बाङ्गो-टेडो बनेर आउने, खप्टिने या फिट्टा भएर आउने हुन्छ ।'

आजभोलि अधिकांश स्कूल पढ्ने बालबालिकाका दाँत तारले बाँधेको भेटिनुको कारण दूधे दाँतलाई हेलचेक्र्याइँ गर्दाको परिणाम भएको उनले बताइन्। यसबाहेक वंशाणुगत कारणले पनि दाँत खराब बन्छ। कतिपय अवस्थामा बालबालिकाको दाँत नियमितरूपमा ब्रसिङ र फ्लिसङको अभावमा पनि खराब बन्नसक्छ ।

कसरी जोगाउने त ?

दन्त चिकित्सक थापा यसको सबैभन्दा गतिलो उपाय बालबालिकालाई गुलियो र जंक फुडबाट टाढा राख्नुपर्ने बताउँछिन्। 'दिनमा तपाईंको बच्चाले एक/एक घण्टामा जंक फुड या गुलियो खान्छ भने त्यसलाई लम्ब्याएर दिनमा एकचोटी मात्रै दिने गर्नुहोस्। बच्चाले जंक फुड या गुलियो खाइसकेपछि राम्रोसँग कुल्ला गर्ने या ब्रस गर्ने बानी बसाल्नुहोस्,' उनले भनिन् ।

दाँतमा कुनै समस्या नहुँदा पनि हरेक छ महिनामा चिकित्सकलाई देखाउनुपर्ने चिकित्सक थापाको सुझाव छ । यसो गर्दा बालबालिकाको दाँत स्वस्थ राख्न सकिने उनको भनाइ छ ।

गुलियो खानेकुरा बालबालिकालाई मात्रै हैन, ठूला मानिसलाई समेत मनपर्छ। 'यसको गतिलो उपाय भनेको खाना खाइसकेपछि डिजर्डको रूपमा गुलिया खानेकुराको प्रयोग गर्नु हो,' उनले भनिन्, 'खाना खाइसकेपछि गुलिया खानेकुरा खान्छन्, अनि दाँत माझ्छन्, यसले दाँतमा कुनै समस्या पुऱ्याउँदैन ।'

बालबालिकाको दाँत छ महिनामा एकपटक दन्त चिकित्सकलाई देखाउनुपर्ने हुन्छ। तर, समस्या जटिल बनेपछि मात्रै आउने गरेको थापाले बताइन् ।

'दूधे बालबालिका जसको एक/दुई वटा मात्रै दाँत आएका छन्, उनीहरूलाई सुताउनुअघि नरम कपडा र पानीले सफा गरिदिनुपर्छ। दाँत सफा भइसकेपछि दूध खुवाउनु हुँदैन,' थापाले भनिन्, 'यदि बच्चाको दूध चुसेर मात्रै निदाउने बानी छ भने बोतलमा पानी दिन सकिन्छ। यसले बच्चाको दाँतलाई फाइदा गर्छ ।'

बालबालिकाको दाँत स्वस्थ राख्ने अर्को उपाय भनेको बिहान, बेलुकी अनिवार्य ब्रस गर्नु हो। थापा भन्छिन्, 'बालबालिकाको दाँत माझ्नका लागि मञ्जन र ब्रस छुट्टै पाइन्छ। चिकित्सकको सल्लाहमा त्यस्ता ब्रस र मञ्जन दिन सकिन्छ ।'

बालबालिकालाई बदाम, काजुजस्ता खानेकुरा खुवाउँदा दाँतका लागि पनि फाइदाजनक हुने उनले बताइन्। 'यदि तपाईंको बच्चाले थुक्न जान्ने भएको छ भने सुगर फ्रि चुइगम दिन सकिन्छ, यसले दाँतलाई फाइदा गर्छ,' उनले भनिन् ।

दाँतमा कुनै समस्या नहुँदा पनि हरेक छ महिनामा चिकित्सकलाई देखाउनुपर्ने चिकित्सक थापाको सुझाव छ । यसो गर्दा बालबालिकाको दाँत स्वस्थ राख्न सकिने उनको भनाइ छ ।

# ३३ किलो सुन प्रकरणमा गोरेको भाई पक्राउ

विराटनगर। मोरङ उर्लाबारीका सनम शाक्य हत्या तथा साढे ३३ किलो सुन तस्करी प्रकरणसँग जोडिएका रमेश उप्रेतीलाई बुधवार जिल्ला अदालत मोरङमा उपस्थित गराएको छ।

इन्टरपोलको सहयोगमा दुबईबाट पक्राउ गरी काठमाडौँ ल्याइएका रमेश उप्रेतीलाई विराटनगर ल्याएर अदालतमा उपस्थित गराएको थियो। रमेश सुन तस्करी तथा शाक्य हत्या प्रकरणका मुख्य अभियुक्त चुडामणि उप्रेती(गोरे)का भाइ हुन्न्। सुन तस्करी प्रकरणको रहस्य बाहिरिए पछि फरार भएका उनी युएईमा बस्दै आएका थिए।

उताबाट सुन नेपाल पठाउने गरेको आरोप लागेका रमेशलाई दुबईबाट एयर अरेबियाको विमानमार्फत नेपाल ल्याइएको थियो।

# पाठकको घरमा आगो निभाउने क्रममा एकको मृत्यु १६ धाईते



झापा। झापा मेचीनगर नगरपालिका वडा नं. ७ पिपल चौक स्थित केशब पाठकको घरमा आगो निभाउने क्रममा एक जनाको मृत्यु भएको छ भने १६ जना घाईते भएका छन्।

मृत्यु हुनेमा मेचिनगर नगरपालिका वडा नं. ८ का ४५ बर्षीय सारद राजवंशी रहेको छ। मंगलवार राती पाठकको टिनको छानो, चित्राको बेरा भएको १ तले कच्चिच घरमा कोही नभएको अवस्थामा अचानक आगोलागी हुँदा आगो निभाउने क्रममा उक्त घरमा रहेको ग्यास सिलिण्डर पड्किदा राजबंशी लगाएत १६ जना घाईते भएका थिए।

घाईते मध्ये राजबंशीको उपचारको लागी एन्जल मेडिकल धुलाबारी पुर्याउन साथ मृत्यु भएको थियो भने अन्य घाईतेहरुको बिभिन्न अस्पतालमा उपचार भईरहेको छ।

उक्त आगो दमकल, प्रहरी र स्थानियको सहयोगमा राती नै पुर्ण रुपमा नियन्त्रणमा आईसकेको थियो। आगो के कारणले लागेको भन्ने खुल्न नआएकोले अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।


## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

**सडक डिभिजन कार्यालय, विराटनगर प्रदेश नं. १**

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ते हुनु।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १


# झापाको दमकमा बन्ने 'क्लीन पार्क' जनतालाई सुकुम्बासी बनाउने राष्ट्रिय गौरवको आयोजना

विराटनगर। झापा जिल्लाको क्षेत्र नं. ५ को दमक नगरपालिका गौरादह नगरपालिका र कमल गाउँपालिकाको क्षेत्र भित्र २ हजार २ सय विगहामा बन्न लागको क्लीन पार्क स्थानीय जग्गा दातालाई सुकुमबासी बनाउने भन्दै शुक्रवार संघर्ष समितिले प्रदेश १ को मुख्य मन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन्।



पटक-पटकको आन्दोलनबाट पनि आफ्ना माग सम्बोधन नभएपछि दमक क्लीन पार्क संघर्ष समितिका अध्यक्ष खगेन्द्र भट्टराई सदस्य भानु भट्टराई लगायतको टोलीले मुख्यमन्त्री राईलाई ज्ञापन-पत्र बुझाएको थियो।

मुआब्जा विवादमा लामो समयदेखि आन्दोलन गरिरहेको दमक क्लीन पार्क संघर्ष समितिले यसअघि पनि गत चैतमा र कार्त्तिकमा जिल्ला प्रशासन कार्यालयमा ज्ञापन-पत्र बुझाएको थियो। तर, जिल्ला प्रशासन कार्यालय झापाबाट माग सम्बोधन नभएपछि मुख्यमन्त्री कार्यालयमा ज्ञापनपत्र बुझाएका हुन्।

दमकस्थित आदिवासी जनजाति रंगशालाको नाम परिवर्तन गरी मदन भण्डारी अन्तर्राष्ट्रिय रंगशाला नामकरण गरेको र चीन सरकारको लगानीमा बन्दै गरेको दमक नगरपालिका, कमल गाउँपालिका र गौरादह नगरपालिकामा निर्माण भइरहेको नेपाल-चीन मैत्री औद्योगिक पार्क (दमक क्लीन) जमिनको मुआब्जा वितरणमा जग्गाधनीलाई उचित मुआब्जा नदिएको र वितरणमा वैज्ञानिकता नभएको भन्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएको थियो।

चीन सरकारको लगानीमा निर्माण भइरहेको औद्योगिक पार्क निर्माणका क्रममा स्थानीयबासीलाई अन्याय गरेको भन्दै यसअघि पुस १४ गते र फागुन ५ गते संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र त्यसका घटकहरुले चरणबद्ध रुपमा आन्दोलन गरेका थिए। बन्न लागेको क्लीन पार्कमा हजारौं विगाह जमिनलाई न्यून मूल्य काम गरी बसोबास गरिरहेका जनतालाई सुकुम्बासी बनाउने षड्यन्त्रबिरुद्ध आन्दोलन भएको थियो।

सो आन्दोलनबाट पीडितलाई उचित क्षतिपूर्ति दिइनुपर्ने, लगानी भित्र्याउन स्थानीय सबै राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, स्थानीय बासिन्दा लगायतलाई समेटेर लगानीको वातावरण निर्माण गर्न आह्वान गरिए पनि त्यसो नभई गरीब स्थानीय जनतालाई उठीबास लगाउने काम गरेको भन्दै बिरोध सभाहरु गरिएका थिए।

भौगोलिक विविधतालाई बेवास्ता गर्दै आदिवासी जनजातिहरुले संरक्षण गर्दै आएका प्राकृतिक सुन्दरताको दोहन गर्ने प्रयास हुन थालेकोले मञ्च लगायत लिम्बुवान घटकहरुले शुरुबाट नै आपत्ति जनाउँदै आएका थिए। आदिवासी जनजातिको आई.एल.ओ. १६९ ले प्रत्याभूत गरेको जल, जमिन र जंगल माथिको हस्तक्षेप बन्द गर्नुपर्ने माग अघि सार्दै आइरहेको छ।

त्यस क्षेत्रमा भएका हजारौं हेक्टर जमिनलाई न्यूनतम मूल्य कायम गरी सरकारको निर्देशनमा जनतालाई सुकुम्बासी बनाउने कार्यको दमक कलीन पार्क संघर्ष समिति र विभिन्न लिम्बुवान पार्टीहरुले विरोध गर्दै आइरहेका छन् र विरोध जारी नै राखेका छन्। मु-आब्जाको नाममा पार्क बनाउन सोझासाझा स्थानीय जनतामाथि ठगी भएको र सिमित व्यक्तिहरु अर्बपति हुने भएकाले चीनको लगानी खेर जाने बताएका थिए।

उनीहरुको मुख्य माग झापाको गौरादह र दमकका हजारौं विगाह जग्गामा बन्न लागेको कलीन पार्क पीडितहरुले न्यायोचित मुआब्जा प्राप्त नगरेकोले पीडितहरुको गुनासोलाई सम्बोधन गर्न वैज्ञानिक ढंगले मु-आब्जा वितरण गर्नुपर्ने, बन्दै गरेको कलीन पार्क पीडितहरुलाई न्यायोचित सम्बोधन गर्नुका साथै उनीहरुलाई रोजगारीको ग्यारेन्टी गर्नुपर्ने रहेको छ।

कलीन पार्क संघर्ष समितिले बुझाएको ज्ञापन पत्रमा कलीन पार्क पीडितको आवाज सुनुवाई गर्नुपर्ने, कलीन पार्कको वास्तविकता सार्वजनिक गरिनुपर्ने, पार्क निर्माणको काम पारदर्शी हुनुपर्ने, कलीन पार्क सञ्चालनमा सर्वदलीय समिति गठन गर्नुपर्ने, जग्गाधनीहरुसँग वार्ता गरी क्षतिपूर्तिको समस्या समाधान हुनुपर्ने, कलीन पार्कमा के-के निर्माण हुने हो त्यसबारे श्वेत पत्र जारी गर्नुपर्ने, नेपाल-चीनमैत्री औद्योगिक पार्क के हो यसको वास्तविकता सबै जनतासामु खुलाउनुपर्ने माग ज्ञापन पत्रमा उल्लेख गरेका छन्।

ज्ञापन पत्र बुज्दै मुख्य राइले तत्काल समस्या सामाधानको लागि संघीय सरकार सङ अवगत गराउने बताएका थिए।

# तालिम केन्द्र विराटनगरबाट ४८ जना प्राविधिक प्रहरी दिक्षित



बिराटनगर। १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र बिराटनगरमा संचालित प्राबिधिक प्रहरी जवान दोस्रो समुहको आधारभुत तालिममा सहभागी ४८ जना प्रहरी जवानहरु दिक्षित भएका छन्।

बिहिवार बिहान तालिम केन्द्रको खेल मैदानमा एक कार्यक्रमका बिच १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बिसीको प्रमुख आतिथ्यतामा दिक्षान्त समारोह सम्पन्न भएको हो। २०७८ भाद्र २७ गते देखी संचालित प्राबिधिक प्रहरी जवान दोस्रो समुहको ९० कार्य दिनको आधारभुत तालिम पौष २२ गते सम्म संचालन भएको थियो। दिक्षान्त समारोहमा तालिम केन्द्रका प्रहरी निरीक्षक सुजाता तुम्बाहाम्फेले तालिम सम्बन्धि प्रतिवेदन प्रस्तुत गर्नु भई ९० कार्य दिनको तालिम अवधिमा प्रशिक्षार्थीहरुलाई नेपाल प्रहरी संगठनको परिचय, सुरक्षा, बिद्यामान कानुन र सूचना प्रबिधि लगायतका बिषयमा प्रशिक्षण दिईएको जानकारी गराउनु भएको थियो।

दिक्षान्त समारोहमा १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र बिराटनगरका समादेशक प्रहरी बरिष्ठ उपरीक्षक मीरा चौधरीले प्रशिक्षार्थीहरुलाई नेपालको संविधान बमोजिम सफत ग्रहण गराउनुका साथै दिक्षित भई जाने प्रहरी जवानहरुले तालिम अवधीमा सिकेका ज्ञान र शिपको कार्य क्षेत्रमा अक्षरस पालना गरेमा नेपाल प्रहरीको चुनौतिको बिषय रहेको अपराध अनुसन्धानमा थप टेवा पुग्ने बिश्वाश ब्यक्त गर्नु भई दिक्षित भई जाने प्रहरी जवानहरुलाइ कार्यक्षेत्रको सफलताको शुभकामना समेत दिएको थियो।

उक्त तालिमका प्रशिक्षार्थीहरु मध्ये सर्वप्रथम हुने प्रशिक्षार्थी प्रहरी जवानलाई कार्यक्रमका प्रमुख अतिथि प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.ले प्रमाणपत्र तथा नगद पुरस्कारद्धारा पुरस्कृत गर्नु भएको थियो।

प्रमुख अतिथिले कोभिड -१९ को उत्पन्न परिस्थितिमा सुरक्षाको कारण प्रशिक्षार्थीहरुका अभिभावक तथा अन्य ईष्टमित्रलाई समारोहमा आमन्त्रण गर्न नसकिएको प्रति दु:ख लागेको बताउँदै, अत्यन्त चुनौती एवं जोखिमले भरिएको यस मर्यादित प्रहरी पेशामा आफ्ना सन्ततिलाई प्रवेश गर्न हौसला प्रदान गर्नु हुने दिक्षित प्रहरीका परिवारजनहरुमा आभार प्रकट गर्नु भएको थियो। साथै वहाँले कार्यक्षेत्रमा मन बचन र कर्मले निष्ठापुर्वक, ईमान्दार र बफादारी भई उच्च मनोवलका साथ जनताको सेवामा खटिन दिक्षित प्रहरी जवानहरुलाई शुभकामना सहितको निर्देशन दिएको छ।

दिक्षान्त समरोहमा प्रमुख अतिथि लगायत प्रहरी बरिष्ठ उपरीक्षकहरु, प्रहरी उपरीक्षकहरु, प्रहरी नायव उपरीक्षकहरु तथा प्रहरी निरीक्षकहरुका साथै अन्य प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।



# अबैद्ध औषधी तथा रुद्राक्षको दाना च्याप्न प्रयोग गरिने क्लिप बरामद



संखुवासभा । संखुवासभाको खाँदवारी नगरपालिका वडा नं. १ बसपार्क स्थित सडक किनारमा वेवारिसे अवस्थामा रहेको अवैध औषधी तथा क्लिप प्रहरीले बरामद गरेको छ ।

बुधवार बस पार्क स्थित सडक किनारमा बेवारिसे अवस्थामा अवैधरुपमा भन्सार छली ल्याएको रुद्राक्षको दाना च्याप्न प्रयोग गरिने क्लिप १२ बोरा (९५२० पिस), कृषि बालीमा प्रयोग हुने औषधी- पी बग ४ कार्टुन (११६ प्याकेट), के एच२पो १५ प्याकेट, सिलिलोग २० बोतल र वाटर पम्प लेखिएको मेसिन १ थान सहित फेला परेको थियो ।

जिल्ला प्रहरी कार्यालय संखुवासभाबाट खटिएको प्रहरी गस्ति टोलीले बसपार्क स्थित सडक किनारबाट उक्त अवैध औषधी तथा क्लिप अन्दाजी मुल्य ३ लाख ६३ हजार २ सय ५० रुपैंया बरावरको बरामद गरेको थियो ।

बरामद गरिएका अवैध समानहरुलाई राजश्व अनुसन्धान कार्यालय इटहरी सुनसरी पठाईएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

# लागुऔषध सहित ढाटबाट १ पक्राउ

बिराटनगर । मोरङको बिराटनगर महानगरपालिका वडा नं. १५ स्थित १ नम्बर ढाटबाट लागूऔषध सहित एक जनालाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा काठमाडौ तारकेश्वर नगरपालिका वडा नं. ७ को २० बर्षीय संग्राम राई रहेको छ ।

शुक्रवार लागूऔषध नियन्त्रण व्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले उनलाई लागूऔषध नाईट्राभेट १२० चक्की सहित पक्राउ गरेको हो । पक्राउ परेका राईको ईलाका प्रहरी कार्यालय रानीबाट थप अनुसन्धान भईरहेको छ ।


## बिराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०



## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईर?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १


## प्रतिवेदनमा...

ज्याफ्री च्युलाई श्रेय दिइएको छ । ज्याफ्री च्युसम्म आउँदा भौतिकवादी दर्शन शतप्रतिशत खण्डित भइसकेको छ ।

अध्यक्ष प्रचण्ड यस्ता सूचनाबाट पूरै बेखबर छन् । त्यसैले, उनलाई जे लागेको छ, त्योभन्दा फरक कुरा कसैले गऱ्यो भने त्यसलाई 'बुर्जुवा बुद्धिजीवी' भनिदिन्छन् । प्रचण्डको यस्तो भनाइमा तपाईं माओवादी मित्रहरू पनि मज्जाले ताली बजाइदिनुहुन्छ । कुरा सकियो ।

माथि विज्ञानको एउटा विधाको चर्चा गरियो । विज्ञानको एउटै विधाले पूरै दर्शनशास्त्रको निर्धारण गर्दैन । यसमा कमसेकम जीवशास्त्रर मनोविज्ञानका निष्कर्षहरू पनि समावेश गर्नुपर्ने हुन्छ । तब दर्शनशास्त्रको सामान्य ढाँचा तयार हुन्छ ।

भौतिकशास्त्रमा जस्तै क्रान्ति जीवशास्त्रर मनोविज्ञानमा पनि भएका छन् । आधुनिक विज्ञानका यी नयाँ धाराहरूलाई पक्रिएर संश्लेषण गर्न सक्दा मात्र 'विचारमा क्रान्ति' ले आकार ग्रहण गर्दछ । यसका लागि पहिलो शर्त माओवादी मित्रहरू, मार्क्सवादी शास्त्रीय पर्खालबाट बाहिर आउन सक्नुपर्छ ।

किनकि मार्क्सवाद अब विज्ञानरहेन, परम्परा भइसक्यो । क्रान्तिकारीर गतिशील हुनका लागि अब यो छोड्नैपर्ने भयो । माओवादी मित्रहरू के मार्क्सवाद छोड्न सक्नुहुन्छ ? अब प्रश्न उठ्यो- तपाईं विज्ञानरोज्नुहुन्छ कि परम्परा ? मार्क्सवादरोज्नुहुन्छ कि आधुनिक विज्ञान ? जे गर्नुस्रोजाइ तपाईंको ।

यदि मार्क्स जिउँदै हुन्थेर यही प्रश्न मार्क्सका अगाडि आउँथ्यो भने निसन्देह मार्क्सले भन्थे होला कि म मार्क्सवाद छोड्छु, विज्ञानरोज्छु । किनकि मार्क्स कुनै परम्परावादी थिएनन् । उनले आफ्नो समयको विज्ञानलाई पक्रिंदा जे गर्न सकिन्छ त्यो गरेका थिए । उनको जोड नै विज्ञान पछ्याउनुपर्छ भन्ने थियो । त्यसैले मार्क्सको लागि परम्परा भन्दा पक्कै विज्ञान प्यारो हुन्थ्यो ।

तर माओवादी मित्रहरूलाई गाह्रो छ । तपाईंहरू मार्क्सवाद छोड्न सकिन्न भन्नुहुन्छ । कारण, तपाईंहरू विज्ञानको क्रान्तिसँग बेखबर हुनुहुन्छ । तपाईंहरू क्रान्तिकारी कम, परम्परावादी ज्यादा भइसक्नुभएको छ । दोस्रो कुरा, तपाईंहरूमा मार्क्सवाद भनेको गरीबको भलो गर्ने सिद्धान्त हो भन्ने भ्रम छ । अनि माओवादी गरीबको भलो गर्ने पार्टी हो भन्ने अहंकार पनि छ ।

वास्तविकतामा मार्क्सवाद गरीबको भलो गर्ने सिद्धान्त नै होइन । अनि माओवादी पार्टी गरीबको भलो गर्ने पार्टी पनि होइन । कसैले म गरीबको भलो गर्छु भनेर घोषणा गर्दैमा गरीबको भलो भइहाल्छ भन्ने हुँदैन । उसको काम गर्ने तरिका मुख्य कुरा हो । विज्ञानका तथ्यर व्यावहारिक अनुभव दुवैले देखायो कि मार्क्सवादी तरिकाबाट गरीबको भलो हुँदैन । त्योभन्दा फरक तरिका अपनाउनु जरूरी छ ।

यसो भन्दा प्रश्न उठ्न सक्छ, के मार्क्स खराब मानिस थिए ? होइन, मार्क्स महान मानिस नै थिए । मार्क्सको सिद्धान्तबाट गरीबको भलो हुँदैन भन्दा मार्क्सको महानतालाई अलिकति पनि हानि गर्दैन । मार्क्सले जे परिकल्पना गरे त्यो पवित्र परिकल्पना हो । उनको समयको विज्ञानबाट जे गर्न सकिन्थ्यो, त्यो मार्क्सले शानदार ढंगले सम्पन्न गरे ।

मार्क्सले सोचे अनुरूप परिणाम नआउनुमा उनको कत्ति पनि दोष छैन । यो त त्यो बेलाको विज्ञानको सीमा हो । मार्क्स अहिले पनि महान छन् । तर आजको युगमा कोही अझै मार्क्सका सिद्धान्तबाट गरीबको भलो हुन्छ भन्दै हिंडिरहन्छ भने त्यो मार्क्सको होइन, त्यसरी हिंड्ने व्यक्तिको दोष हो । यस्तो सोचबाट 'विचारमा क्रान्ति' असम्भव छ ।

**समाजवादको भ्रम**

प्रचण्डलेराजनीतिक प्रतिवेदनमा विश्वमा देखापरेका आर्थिकर पर्यावरणीय संकटबारे चर्चा गरेका छन् । तर यसका लागि पूर्णतया पूँजीवादीलाई मात्र दोष दिने कुरा यथार्थसम्मत छैन । प्रकृतिर पर्यावरण ध्वस्त गर्ने अभियानमा पूँजीवादीर समाजवादी दुवैको बराबर दोष छ । हतियारको होडबाजीर तथाकथित असीमित आर्थिक वृद्धिको होडबाजीमा पूँजीवादीर समाजवादी बराबर संलग्न छन् । जसका कारण प्रकृतिको विनाशदेखि संक्रामकरोगहरूको प्रचारसम्मका समस्या देखिएका हुन् ।

यसो भनिरहँदा माओवादी मित्रहरूले भन्नुहोला, ती कहाँ समाजवादी हुन् त ? ती त संशोधनवादी हुन् । साँच्चैको समाजवादमा त यो समस्या नै आउँदैन नि ! यदि यसो भन्नुभयो भने पनि तपाईंले खोजेको विचारको क्रान्ति बन्द हुनेछ ।

भौतिकवादी 'सामाजिक मूल्य' नै आज विश्वमा पैदा भएको संकटको कारक हो । विगत तीन सय वर्ष यता भौतिक सुख प्राप्तिलाई 'लक्ष्य' मान्ने चिन्तनले गर्दा व्यक्तिरराज्य, दुवैलाई महत्वाकांक्षी बनाएको छ । भौतिक सुख बढाउने होडबाजीले नै युद्ध, अपराध, हस्तक्षेप, अतिवाद जन्माएको हो । असीमित आर्थिक वृद्धिको ध्वंसात्मक सोच यस्तै चिन्तनबाट पैदा भएको हो ।

यस्तै सोचले मानिसमा खानी रित्याउने, पहाड फुटाउने, नदीको बाटो छेक्ने, प्राणीर वनस्पतिका जिन तोडमरोड गर्ने जस्ता दानवीय प्रवृत्ति जन्माइरहेको छ । यस्तो चिन्तन बोक्ने अरू कोही होइनन्, भौतिकवादीहरू (उदारवादी, समाजवादी,राष्ट्रवादी, कल्याणवादी) नै हुन् । यसमा पूँजीवादलाई मात्र दोष दिएर समाजवादलाई 'पानीमाथिको ओभानो' बनाउनै मिल्दैन ।

भौतिक सुखलाई 'लक्ष्य' मान्ने सिंगो दर्शन नै अमानवीयर अप्राकृतिक हो । अब मानिसले भौतिक सुखलाई 'साधन'र अभौतिक सुख (आत्मिक सुख) लाई 'लक्ष्य' मान्ने चिन्तनतर्फ 'सिफ्ट' हुनुपर्दछ ।राजनीतिक विचारधारार पार्टी संगठनहरूमा यो निष्कर्ष आत्मसात् गर्नुपर्दछ ।राज्यको संरचना, नीतिर मूल्यमान्यताको क्षेत्रमा, विकासर सामाजिक सम्बन्धको क्षेत्रमा यो मान्यता लागू गर्नुपर्दछ । 'विचारमा क्रान्ति' वा चिन्तनमा 'पाराडाइम सिफ्ट' को एउटा पक्ष यही हो ।

दोस्रो कुरा, समाजवाद आफैंमा भ्रमपूर्ण धारणा हो । यो शास्त्रीय विज्ञानका आधारमा निकालिएको निष्कर्ष हो । समाजलाई यन्त्र मानेर समाजको गतिको गणितीय हिसाब गर्दा मात्र समाजवादको निष्कर्ष आउँछ । मार्क्सले यही विधिद्वारा समाजवादको निष्कर्ष निकालेका थिए । तर आजको विज्ञानले हामीलाई यसो गर्न अनुमति नै दिंदैन । आजको विज्ञानले त समाजको गति अगणितीय हुन्छ भन्छ । यसको अर्थ समाजवाद प्राकृतिक धारणा नै होइन । यो कहिल्यै साकार नहुने शास्त्रीय परिकल्पना मात्र हो ।

यस्ता अर्थहीन मान्यताको पछि लाग्दा पनि 'विचारमा क्रान्ति' असम्भव हुन्छ । साँच्चै विचारमा क्रान्ति चाहने हो भने माओवादी मित्रहरूले समाजवादको भ्रमपूर्ण मोह पनि परित्याग गर्न सक्नुपर्छ । अबको दुनियाँमा हामीलाई 'जैविक समाज' चाहिन्छ । 'जैविक दर्शन'र 'जैविकराजनीति' चाहिन्छ । यो तथ्य बुझ्न सक्दा मात्र 'विचारमा क्रान्ति' ले साकार रूप लिन्छ ।

**प्रचण्डको पहिचान**

प्रचण्ड, शक्तिको लालसाराख्ने मानिस अवश्य हुन् । तर उनी बेइमान नेता होइनन् । संशोधनवादी पनि होइनन् । परिस्थितिले साथ दिन्थ्यो भने उनी आफ्नो घोषित लक्ष्यसम्म इमानदार भएर नै लाग्थे । तर परिस्थितिले साथ दिएन । दश वर्षको युद्धको अनुभव पश्चात उनलाई भित्रैदेखि बोध भयो कि आफ्ना पूर्व मान्यता अनुसार चल्न नसकिनेरहेछ । यसले त 'गोञ्जालो' बनाउनेरहेछ । तब प्रचण्डले 'गोञ्जालो' बन्न इन्कार गरे । सात दलसँग सम्झौता गरेर खुल्लाराजनीतिमा आए ।

यहाँ प्रचण्डले जे गरे ठीकै गरे । गोञ्जालोपथ भन्दा त प्रचण्डपथ नै उत्तम हो । यसले उनीर उनलाई साथ दिने थुप्रै सहकर्मीलाई नयाँ जीवन दियो । देशमा केही महत्वपूर्णराजनीतिक परिवर्तन पनि देखापऱ्यो ।

आफ्नो पार्टीले चुनावमा बहुमत पाइसक्दा पनि 'विद्रोहको कार्यदिशा' पारित गरे । एउटा जिम्मेवार नेतामा यस्तो दोधारेपन देखापर्नु पनि गल्ती नै हो । फेरि यस्तो समस्याको बीउरोप्ने पात्र उनै हुन् । उनैले 'सशस्त्र संघर्षको नीति नमान्ने जति संशोधनवादी हुन्छन्' भनी स्कूलिङ गरेका थिए । जेरोपियो, त्यही फल्यो ।

तर प्रचण्ड निर्विकल्पर सर्वज्ञ होइनन्, हुन सक्दैनन् । उनका सीमार कमजोरीबारे माथि चर्चा भइसक्यो । यो बाहेक आफूलाई बोध भएको तथ्य पार्टी सदस्यलाई खुलस्त नभन्नु, चलाखीबाट काम चलाउन खोज्नु पनि प्रचण्डको निकै ठूलो कमजोरी हो ।

यही कमजोरीका कारण उनले हतियार क्यान्टोनमेन्टमा राखिसक्दा पनि 'विद्रोह गरिन्छ' भनिरहे । संविधानसभा चुनावको मुखमा आइपुग्दा पनि 'मुखमा चुनाव मनमा विद्रोह' जस्तो दोधारे कुरा गरे । आफ्नो पार्टीले चुनावमा बहुमत पाइसक्दा पनि 'विद्रोहको कार्यदिशा' पारित गरे । संविधानसभामा सबैभन्दा ठूलो दलको हैसियत हुँदाहुँदै पनि एउटा मामूली कर्मचारीको निहुँमा विद्रोहको असफल प्रहसन देखाए ।

प्रचण्डलाई पार्टीभित्रको एउटा पक्षले यो सब गर्न बाध्य पारिरहेको थियो । उनी पार्टीलाई एकताबद्धराख्न चाहन्थे । त्यसैले नचाहँदा नचाहँदै यो सबै गरे । पार्टीभित्रका मानिसहरूलाई मिलाउन खोज्दा नै उनमा यो दोधारेपन देखिएको थियो । यो सत्य कुरा हो । तर एउटा जिम्मेवार नेतामा यस्तो दोधारेपन देखापर्नु पनि गल्ती नै हो ।

फेरि यस्तो समस्याको बीउरोप्ने पात्र उनै हुन् । उनैले 'सशस्त्र संघर्षको नीति नमान्ने जति संशोधनवादी हुन्छन्' भनी स्कूलिङ गरेका थिए । जेरोपियो, त्यही फल्यो । अर्थात्, त्यही स्कूलिङ पक्रिएर केही जडर अहंकारग्रस्त मानिसहरूले उनीमाथि असन्तुष्टि पोख्ने निहुँ पाए । प्रचण्डसँग यो समस्याबाट उम्कने उपाय नै थिएन । कर्म अनुसारको फल भोग्नै पर्थ्यो ।

आज उनी त्यही कर्मको फल भोगिरहेका छन् । यसले उनकोराजनीतिक जीवनमा गम्भीर धक्का दिएको छ । पहिलो, उनको पार्टी एकताबद्धरहन सकेन । दोस्रो, आफ्नो वर्चश्वरहेको संविधानसभा विघटन भयो । तेस्रो, संविधानसभाको दोस्रो चुनावमार त्यसपछि उनको पार्टी पहिलोबाट तेस्रोमा झऱ्यो । चौथो, नयाँ संविधानमा आफ्ना एजेण्डाहरू कमजोर भए ।

जीवनमा गम्भीर धक्का खाए पनि प्रचण्ड थाकेका छैनन् । आफ्नो गुमेको वर्चश्व फर्काउन हर उपाय जारीराखेका छन् । एमालेसँगको माओवादी एकता यसैको परिणाम थियो । तर यो दिगो हुन सकेन । अझै प्रचण्डमा एमालेसँगको एकता मोह टुटेको छैन । महाधिवेशनको उद्घाटन भाषणमा एमालेसँग एकता गरेर गल्ती गरिएको थिएन भनेर उनले यो मोह प्रकट गरिसकेका छन् ।

यसपालि आठौं महाधिवेशनमा प्रचण्डले आफ्ना केही गल्ती स्वीकार गरेका छन् । जस्तो कि पार्टीभित्र विना छलफल हतियार क्यान्टोनमेन्टमाराखेकोर 'मुखमा चुनाव, मनमा विद्रोह' भनेको कुरा गल्ती भयो भनेका छन् । यति गल्ती स्वीकार गर्नु सकारात्मक कुरा हो, तर यो पर्याप्त छैन । वैचारिक प्रश्नमा पनि चलाखीबाटै काम चलाउने प्रचण्ड प्रवृत्ति अझै छुटेको छैन । उनीभित्रको दोधारेपनर अन्योल अझै बाँकी छ ।

राजनीतिक प्रतिवेदनमा उनले सामन्ती, प्रतिक्रियावादी, साम्राज्यवादी जस्ता मोटार अमूर्त शब्द प्रयोग गरेर क्रान्तिकारी देखिने प्रयास गरेका छन् । ती शब्दले खास कुनराजनीतिक समूहलाई जनाउँछ भनेर स्पष्ट पारेका छैनन् । कसैले सोध्यो भने, 'मिलाएर बुझ्नुस्, सबै कुरा स्पष्ट भन्न मिल्दैन' भन्छन् । यो उनको पुरानै चलाखीपूर्ण तरिका हो । यसपालि पनि उनले यो तरिका प्रयोग गरे । प्रश्नबाट भागेर चलाखीबाट काम चलाउने यो तरिकाले पनि 'विचारमा क्रान्ति' हुँदैन ।

राजनीतिक प्रतिवेदनमा प्रचण्डले सांस्कृतिक रूपान्तरण, सामूहिक उत्पादनर सामूहिक बसाइको कुरा गरेका छन् । तर त्यसको स्वामित्व प्रणालीबारे स्पष्ट पारेका छैनन् । अर्थतन्त्रर विकासको मोडेलमा पनि उनी स्पष्ट छैनन् । निजी धन खराब कुरा हो, यसलाई मास्न सकिन्छ, मास्नुपर्छ भन्ने भ्रमपूर्ण धङधङी अझै उनमा देखिन्छ । यो शास्त्रीय चेतना हो । निजी धन त्याग्ने कुरा ढोंगीहरूको नौटंकी मात्र हो । निजी धनर सामूहिक धन परिपूरक भएको अर्थतन्त्र मात्र अबको विकल्प हुनसक्छ । यस्ता कुरामा चलाखी गर्न खोजियो भने पनि 'विचारमा क्रान्ति' बन्द हुन्छ ।

अन्तिम कुरा, जब मार्क्सवाद माथि नै प्रश्न उठिसक्यो, तब लेनिनवाद, माओवाद माथि पनि प्रश्न उठ्यो । प्रचण्डपथ, प्रचण्ड विचारधारा वा प्रचण्ड युगका कुरा त केवल आग्रह मात्र हुन् । 'सामाजिक क्रान्ति सशस्त्र कि शान्तिपूर्ण' भन्ने बहस पनि अर्थहीनर शास्त्रीय कुरा हो । विज्ञानको क्रान्तिका शिक्षाबाट पररहेर यस्ता कुरामा छलफल गर्नु समयको बर्बादी मात्र हो ।

इतिहासबाट सिक्न सकिन्छ, इतिहासप्रति गर्व गर्न पनि सकिन्छ । तर साँच्चै विचारमा क्रान्ति ल्याउने हो भने इतिहास मोहबाट बाहिर आउनुपर्छ । माओवादी मित्रहरू तपाईंहरू यसो गर्न सक्नुहुन्छ ? तपाईंहरूले विचारमा क्रान्ति ल्याउनुहुन्छ कि ल्याउनुहुन्न, यसैमा निर्भर हुनेछ । अनलाईन खबरबाट

